

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस २८ गते बिहीबार ❑ 12 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## जिम्मेवारी र चुनौती थपिएको छ : प्रधानमन्त्री दाहाल

**पोखरापत्र संवाददाता**
**गोरखा, २७ पुस**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सबै दलको साझा प्रधानमन्त्रीका रूपमा आफूले पाएको विश्वासको मतले चुनौती र जिम्मेवारी दुवै थपिएको बताउनुभएको छ।



गोरखा उद्योग वाणिज्य सङ्घको आयोजनामा सदरमुकाममा आजदेखि सुरु भएको ११औँ गोरखा महोत्सव एवम् प्रदेशस्तरीय कृषि, पर्यटन तथा औद्योगिक व्यापार मेला-२०७९ को उद्घाटन गर्दै उहाँले साझा प्रधानमन्त्रीका रूपमा काम गर्ने ऐतिहासिक अवसर प्राप्त भएको बताउनुभयो। प्रधानमन्त्री दाहालले यसलाई आफूले एउटा ठूलो चुनौती र अवसरका रूपमा लिएको समेत उल्लेख गर्नुभयो।

प्रधानमन्त्री दाहालले अब देशको विकास र समृद्धिलाई गति प्रदान गर्नेसमेत बताउनु भएको छ। उहाँले सार्वजनिक तथा निजी क्षेत्रको योगदान र पहल विना अर्थतन्त्रलाई गति दिन नसकिने भन्दै त्यसका लागि सहकार्य गरेर अघि बढ्ने बताउनुभयो। प्रधानमन्त्री दाहालले राष्ट्रिय गौरवको बूढीगण्डकी आयोजना, आरुघाट रोइला सडकखण्ड निर्माण, पालुङटार विमानस्थल सञ्चालन लगायतका कामलाई अगाडि बढाउने प्रतिबद्धता जनाउनुभयो।

"विकासका अधुरा परियोजनालाई अगाडि बढाउने र देशलाई समृद्धिको दिशामा अघि बढाउने कुरा मेरो प्राथमिकतामा छ", उहाँले भन्नुभयो, "ऐतिहासिक अवसरलाई पूरा गर्न निरन्तर अगाडि बढ्नेछु।" प्रधानमन्त्री दाहालले निर्वाचनका क्रममा आफूले गरेका प्रतिबद्धतलाई पूरा गर्ने बताउनुभयो। "निर्वाचन अभियान दौरानमा तपाईँहरूको अगाडि गरेको वाचा कबुलहरू राम्रैसँग सम्झना छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "गोरखा जिल्लाको जनप्रतिनिधिका रूपमा निर्वाचित भएर झन्डै राष्ट्रिय सहमतिको प्रधानमन्त्री बन्न पाउँदा मलाई गर्व पनि छ।" उहाँले गोरखा जिल्लाका जनताले आफूलाई निर्वाचित गराएर सबै नेपाली जनताको सेवा गर्ने अवसर प्राप्त भएको भन्दै गोरखाका मतदाताहरूलाई धन्यवादसमेत दिनुभयो।

## महोत्सवले आर्थिक चलायमानलाई टेवा पुग्छ : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ पुस**

पोखराको अमरसिंह चौरमा एघारौं संस्करणको पोखरा महोत्सव सुरु भएको छ। युनाइटेड क्लवको आयोजनामा शुरु भएको महोत्सवको गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले उद्घाटन गरे।



महोत्सवको उद्घाटन गर्दै मुख्यमन्त्री अधिकारीले मेला महोत्सवले आर्थिक चलायमानमा टेवा पुग्ने वताए। मुलुक कोरोना कहरका कारण आर्थिक चलायमानमा गतिशिल लिन नसकिरहदा पोखरा र आसपासमा आयोजना हुने महोत्सवहरुले आर्थिक चलायमानमा सहयोग पुग्ने उनको भनाइ रहेको थियो। युनाइटेड क्लवले महोत्सवको आयोजना गरी सामाजिक काममा समेत अग्रणी स्थानमा रहेको वताउदै मेला महोत्सवमा हुने ब्यापारिक स्टलहरुमा स्वदेशी उत्पादनलाई जोड दिन समेत आग्रह गरे। युवाहरुलाई स्वदेशमै रोक्नका लागी पनि स्वदेशी उत्पादनका सामाग्रीहरुको उत्पान आवश्यक रहेको उनको भनाइ रहेको थियो। त्यसैगरी मेला महोत्सवहरुले स्थानिय भाषा, संस्कृतिको उत्थान समेत गर्ने उनले वताए।

गण्डकी प्रदेश सभा सदस्य बेद बहादुर गुरुङ (श्याम)ले युनाइटेड क्लवले महोत्सवको आयोजना गरी सामाजिक काममा अग्रसर रहेको वताउदै युनाइटेडले लिएको उद्देश्य अनुसारको गतिविधीमा सहयोग र साथ दिने वताए। गण्डकी प्रदेशमा आर्थिक गतिविधी बढाउन र पर्यटकीय गतिविधी बढाउनका लागी पोखरा महोत्सवले उल्लेख्य भुमिका खेलेको उनको भनाइ रहेको थियो। गण्डकी प्रदेश सभा सदस्य भीम कार्कीले पोखरा महोत्सव महोत्सवको पनि महोत्सव भएकाले सम्पूर्णले सहयोग र साथ दिदै सामाजिक सेवामा सहभागी हुन आग्रह गरे। महोत्सवकै आयोजना गरी सामाजिक काम संगै पर्यटकीय गन्तब्य निर्माणका लागि समेत अगाडि वढ्नु आफैमा चुनौती रहेको वताउदै यसका लागी सम्पूर्ण पोखरेलीले सहयोग गर्नुपर्ने उनको भनाइ रहेको थियो। त्यस्तै गण्डकी प्रदेश सभा सदस्य प्रकाश वरालले उद्देश्य सवैले लिएपनि पुरागर्न गाह्रो हुने वताउदै युनाइटेड क्लवले आफ्नो उद्देश्यप्रति कटिवद्ध रहेको एकमात्र क्लब रहेको वताए।

पोखराको जिल्ला प्रशासन कार्यालय कास्कीमा धेरै संस्गाहरु दर्ता र नविकरणकै बिच हराइरहदा युनाइटेड क्लव एकमात्र गण्डकी पैदेश सरकारलाई नै ध्यान केन्द्रीत बनाउने क्लब बनेको वताउदै पोखरा ताल र हिमाल हेर्ने शहर मात्र नभइ सेती नदीको बारेमा कोही कसैले चासो नदिइरहदा क्लवले पहलकदमी गरेर सेती खोंचलाई शाहसिक पर्यटकीय गन्तब्य निर्माणमा अगाडि वढिरहेकाले त्यसतर्फ प्रदेश सरकारले ध्यान दिन आवश्यक रहेको समेत वताए। राष्ट्रिय प्रकृति स्रोत तथा वित्त आयोगका सदस्य जुद्ध वहादुर गुरुङले युनाइटेड क्लव संग आफुले स्थापना कालदेखीनै सहकार्य गर्दै आइरहेको र युनाईटेड क्लबले छोटो समयमानै आफुलाई स्थापित बनाउन सफल भएको वताउदै आगामी दिनमा पनि साथ र सहयोग रहने प्रतिवद्धता ब्यक्त गरे। सम्पूर्ण वडाहरुको प्रतिनिधीत्व गर्दै पोखरा उपमहानगरपालिका वडा नम्बर १२ का अध्यक्ष सन्तोष बास्तोलाले महोत्सव मार्फत आर्थिक चलायामान संगै कला संस्कृतिको जगेर्ना हुने वताउदै युनाइटेड क्लवले महोत्सवको आयोजना गरी सामाजिक काम अगाडि वढाइरहदा आगामी दिनमा आफ्नो वडा संगै महानरबाट समेत सहयोगका लागि पहल गर्ने वताए। त्यस्तै कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी अनिल शाहीले महोत्सवलाई सभ्य र भब्य बनाउनका लागी शान्ति सुरक्षाको दृष्टीले कुनैपनि कसर बांकी नराखी सुरक्षा निगरानीलाई चुस्त दुस्त वनाउने वताए। त्यस्तै अमरसिंह माविका प्रध्यानाध्यापक तेजस्वी वरालले युनाईटेड क्लवले अमर सिंहमा महोत्सवको आयोजना गरी सामाजिक कामलाई अगाडि वढाइरहदा अमरसिंह माविको समेत सामाजिक काममा अप्रत्यक्ष रुपमा सहकार्य गर्न पाउदा खुसी लागेको वताउदै युनाइटेड क्लबको हरेक गतिविधीमा सहकार्य गरेर अगाडि वढ्ने वताए। त्यस्तै कोलपाटन आमा समुको अध्यक्ष सावित्री पौडेलले पोखरा महोत्सवले संघ संस्थाहरुलाई सहभागी बनाइ आफुहरुलाई पनि सामाजिक भावमा सहकार्य गराउन सफल भएको वताइन।

युनाइटेड क्लवका संस्थापक अध्यक्ष हिमालय बखेलले युनाईटेड क्लवले एघारौं संस्करण सम्म आइपुग्दा पोखरामा खुल्ला पर्यटकीय चिडियाखाना निर्माणलाई प्रारम्भ गर्न सफल भएको र एघारौ महोत्सवदेखी पोखराको बीच भाग भएर बग्ने सेती नदीलाई एक शाहसिक पर्यटकीय गन्तब्य निर्माणमा पहलकदमी गर्ने र आफ्नै जग्गा भएको लेखनाथको अर्चलेमा बहुद्देश्यीय भवन निर्माण गरी जेहेन्दार विद्यार्थीहरुका लागि आवाशिय ब्यवस्था सहितको शिक्षालय निर्माण गर्न तर्फ लाग्ने उनले वताए। शिक्षा, स्वास्थ्य खेलकुदका गतिविधीलाई भने निरन्तरता दिने उनको भनाइ रहेको थियो। युनाइटेड क्लवका अध्यक्ष राजु श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वरिष्ठ

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पृथ्वीचोकमा सम्झिए पृथ्वीनारायण

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ पुस**

'सालिक हटाइए पनि जनजनको मनमा लेखिएको नाम कहाँ हट्छ र', बुधबार मध्याह्न पोखराको पृथ्वीचोक छेउ भेटिनुभएका ठाकुर बरालले भन्नुभयो, 'पृथ्वीनारायण शाहजस्तो दिव्य पुरुषको सालिक यहाँबाट फालेर इतिहासको अपमान गरिएको छ।'

उहाँले सहिद लखन थापाको सालिकलाई यथोचित ठाउँमा सारेर राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको सालिकलाई पृथ्वीचोकमै पुनःस्थापित गर्नुपर्ने तर्क अघि सार्नुभयो। शाहवंशीय राजा पृथ्वीनारायणको३०१औँजन्मजयन्ती तथा राष्ट्रिय एकता दिवस मनाउन भेला भएका धेरैले पृथ्वीचोकबाट उहाँको सालिक हटाइएकामा दुःखेसो पोखे।

स्थानीयवासी गुरुप्रसाद बरालले पनि आन्दोलनका नाममा जनभावनाविपरीत पृथ्वीनारायणकोसालिकफालिएको बताउनुभयो। 'मुलुकका लागि सहिद लखन थापाको पनि योगदान छ, उहाँको सालिकलाई अन्यत्र चोकमा राखेर यहाँ पृथ्वीनारायणकै सालिक राख्नुपर्छ', उहाँले भन्नुभयो।

सालिक नभए पनि ऐतिहासिक महत्त्व र गरिमा बोकेको स्थलमा उभिएर पृथ्वीनारायणको स्मरण गर्न पाउँदा सहभागीहरू उत्साहित देखिन्थे। पृथ्वीनारायणकै नामबाट काठमाडौँ-पोखरा राजमार्ग बनेपछि विसं २०३५/२०३६ तिर पृथ्वीचोकको नामकरण गरिएको थियो। पहिले चाइना चोकले चिनिने गरेकामा पृथ्वीनारायणको सालिक राखेपछि पृथ्वीचोकका रूपमा नाम स्थापित भएको स्थानीयवासी बताउँछन्। गणतन्त्र स्थापनापछि भने पृथ्वीचोकबाट पृथ्वीनारायणको सालिक हटाएर सहिद लखन थापाको सालिक राखिएको थियो।

सालिक हटे पनि जनबोलीमा भने सधैँ पृथ्वीचोक नै चल्तीमा छ। कसैले चाहेर पनि पृथ्वीचोकलाई अर्को नाम दिन नसक्ने पृथ्वीजयन्ती नागरिक

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## मानुङकोटमा दश फिट अग्लो नेपालको झण्डा

**पोखरापत्र संवाददाता**
**दमौली, २७ पुस**

तनहुँको व्यास नगरपालिका-५ स्थित मानुङकोटमा नेपालको झण्डा राखिएको छ। टिम नेपो तनहुँले ३०१औँ पृथ्वीजयन्तीको अवसरमा मानुङकोटमा दश फिट अग्लो झण्डा राखेको हो।



पर्यटकीय गन्तव्यका रूपमा विकास भइरहेको मानुङकोटको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित राखिएको झण्डाको आज व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले अनावरण गर्नुभयो। सो अवसरमा नगरप्रमुख न्यौपानेले पर्यटकीय सम्भावनायुक्त मानुङकोटलाई थप प्रवर्द्धन गर्ने उद्देश्यसहित नेपालको झण्डा राखिएकामा संस्थाको प्रशंसा गर्नुभयो। स्वास्थ्य, शिक्षा, वातावरण र युवा नेतृत्व विकासको क्षेत्रमा संस्थाले खेल्दै आएको भूमिका सकारात्मक रहेको न्यौपानेको भनाइ थियो।

टिम नेपो तनहुँका अध्यक्ष रवि अधिकारीले मानुङकोट पर्यटकीय गन्तव्यका रूपमा विकसित भइरहेको अवस्थामा एउटा ईँटा थप्ने उद्देश्यसहित नेपालको झण्डा राखिएको बताउनुभयो। चिसो मौसम सुरु भएसँगै मानुङकोटमा आन्तरिक पर्यटकको भीड बढ्न थालेको छ। सूर्योदय र कुहिरोको दृश्य हेर्न यहाँ पर्यटक उक्लिने गरेका छन्।

अन्य दिनभन्दा शनिबार मानुङकोटमा पर्यटकको चाप बढ्ने गरेको छ। शनिबारको दिन करिब पाँच हजार पर्यटक यहाँ पुग्छन्। मानुङकोटबाट कुहिरो, सूर्योदय र हिमालको मनोरम शृङ्खला देखिने भएकाले पर्यटकको चहलपहल बढेको हो। मानुङकोटबाट धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु, लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिन्छ। जाडो मौसम भएको र मानुङकोटमा बिहानै घाम लाग्ने भएकाले पनि आन्तरिक पर्यटक बिहानै यहाँ पुग्ने गरेका छन्।

दमौली बजारलाई कुहिरोले ढाक्नुलाई पौराणिक कथासँग पनि जोडिएको छ। परापूर्वकालमा महर्षि वेदव्यासका पिता पराशर ऋषिले सत्यवतीसँग सम्भोग गर्न इच्छा प्रकट गर्दा लोकलाई पत्तो नहोस् भनेर कुहिरो उत्पन्न गराइदिएको धार्मिक किंवदन्ती रहँदै आएको छ।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

**सूक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोलस्टोय

## सम्पादकीय

# प्रचण्डलाई अभूतपूर्व समर्थन

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले प्रतिनिधि सभामा प्रचण्ड समर्थनसाथ विश्वासको मत प्राप्त गरेका छन । प्रतिनिधि सभाका २७५ सदस्य मध्ये प्रधानमन्त्री ‘प्रचण्ड’ले २६८ मत पाउन सफल भए । प्रधानमन्त्रीको विपक्षमा दुई साना दलका तर्फबाट दुई मत मात्र प-यो । नेपालको संसदीय इतिहासमा ‘प्रचण्ड’लाई सदनको दोस्रो ऐतिहासिक समर्थन हो । यसअघि नेकपा (एमाले) का तर्फबाट तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले सदनमा रहेको उपस्थितिको शतप्रतिशत मत पत पाएका थिए । २०५१ पुस ७ गते प्रतिनिधि सभामा भएको मतदानमा अधिकारीलाई १९८ मत प्राप्त भएको थियो । २०५ सदस्यीय तत्कालीन प्रतिनिधि सभामा मतदानमा १९८ जना उपस्थित थिए ।

२८ वर्षपछि प्रधानमन्त्री प्रचण्डले सदनमा उपस्थित दुई जनाबाहेक सबैको मत पाउन सफल भए । प्रधानमन्त्री ‘प्रचण्ड’लाई सत्ता गठबन्धनमा रहेका नेकपा (एमाले), नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, स्वतन्त्र सांसद अमरेशकुमार सिंह, योगेन्द्र मण्डल, र प्रभु साहले विश्वासको मत दिए । प्रमुख प्रतिपक्षी नेपाली काङ्ग्रेस, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादीले समेत विश्वासको मत दिए । प्रतिनिधि सभामा कांग्रेसका ८९, एमालेका ७९, माओवादी केन्द्रका ३२, राष्ट्रिय स्वतन्त्र पार्टीका २०, राप्रपाका १४, जसपाका १२, एकीकृत समाजवादीका १०, जनमतका छ, लोसपाका चार र नागरिक उन्मुक्तिका चार सदस्य छन् । जसमध्ये कांग्रेसबाहेकका अन्य दलका सबै सदस्य उपस्थित थिए । नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाल र राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसीले भने विपक्षमा मत दिए। कांग्रेस, एकीकृत समाजवादी र नागरिक उन्मुक्तिले भने प्रधानमन्त्रीको समर्थनमा विश्वासको मत दिए पनि सरकारमा सामेल नहुने संसद्‌बाटै घोषणा गरेका छन् ।

मतदानमा नेपाली कांग्रेसका अम्बिका बस्नेत, किशोरसिंह राठौर र मनोरमा शेरचन अनुपस्थित रहे । भ्रष्टाचार मुद्दामा निलम्बनमा परेका कारण कांग्रेसका टेकबहादुर गुरुङको मताधिकार छैन । सभाध्यक्षको भूमिकामा रहेका ज्येष्ठ सदस्यले मताधिकार प्रयोग गर्न परेन । आलोपालो प्रधानमन्त्री दिन तयार नभएका कांग्रेस सभापति शेरबहादुर देउवा विश्वासको मत लिने पूर्वसन्ध्यामा दाहाललाई भेट्दै सरकारको पक्षमा उभिनु अर्थपूर्ण छ । निर्वाचनका बेलाका सहयात्रीलाई समेत साथमा लिएर हिँडेको सन्देश दिन सहज भएको छ ।

कांग्रेस र एकीकृत समाजवादीले प्रधानमन्त्रीमा विश्वासको मत दिएर दाहाललाई आफूबाट टाढिन नदिएका मात्र होइनन् उनलाई ओलीसंग घनिष्ठ हुन नदिने रणनीति बनाएका हुनसक्छन् । प्रधानमन्त्री दाहालका निम्ति भविष्यमा अनेकन चुनौती भए पनि अहिले यो एउटा अवसरका रूपमा आएको छ । ओलीले सहमति गरेर पनि प्रधानमन्त्री बन्न नपाएको गुनासो गर्ने दाहालले अहिले उनैको सहयोगमा सरकारको नेतृत्व पाएका छन् । त्यसैगरी सरकारको नेतृत्व गर्ने पूर्वसहमति अस्वीकार गरेका देउवाबाट विश्वासको मत पाएर सम्बन्ध सुधार्ने मौका पाएका छन ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले माग गरेअनुसार पृथ्वीजयन्तीको बिदा दिने निर्णय गराउने,दौरा सुरुवालमा सपथ ग्रहण गर्नसमेत तत्पर हुने काम अहिलेको परिस्थितिले गरेको छ । यो पनि उनको लचिलोपनको लक्षण हो । नागरिक उन्मुक्ति पार्टीका रेशम चौधरीलाई जेलबाट मुक्त गर्ने विश्वास पनि उनले दिलाउनै परेको छ । अति उत्साहले आएका राष्ट्रिय स्वतन्त्र पार्टी लगायतका नयाँ दल र सांसदको आकांक्षालाई पनि दाहालले बोकिदिनुपर्ने बाध्यता छ । कांग्रेसले दाहाललाई विश्वासको मत दिएर संसद्मा प्रतिपक्षको भूमिका कमजोर बनाएको टिप्पणी यतिबेला भइरहेको छ । सदनमा बलियो प्रतिपक्षी हुनुपर्ने संसदीय मान्यता हो ।

दाहाललाई प्रधानमन्त्री नदिएर सत्ता साझेदारी गर्नबाट वञ्चित भएका देउवाले गठबन्धन भत्काउन र राजनीतिक अस्थिरता निम्त्याउन यस्तो कदम चालेको ठान्नेहरू पनि छन् । सत्ताको यो खेल आगामी दिनमा अरू रोचक हुने संकेत यसले दिएको छ । दाहालको लचिलोपनले अहिलेकै सरकारको निरन्तरता पाँच वर्षसम्मै हुन पनि सक्छ । त्यो बेलामा अहिले समर्थन गर्ने प्रमुख दलको छटपटी हेर्न लायक हुनेछ । सबै दललाई सत्ताभन्दा बाहिर बस्नै नसक्ने अवस्थामा पुऱ्याएका कारण पनि दाहालका निम्ति पद बाँडफाँट गर्दै अघि बढ्ने अवसर छ । आफूमाथि प्राप्त प्रचण्ड विश्वासलाई कायम गर्दै अघि बढ्न दाहाललाई सफलता मिलोस शुभकामना ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : मन चञ्चल | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# विपद्पीडितलाई रु ५० हजार राहत दिने विहादीको निर्णय

**पोखरापत्र संवाददाता**
**पर्वत, २७ पुस**

दक्षिण पर्वतको विहादी गाउँपालिकाले विपद्मा परी ज्यान गुमाएका व्यक्तिका परिवारलाई आर्थिक सहायता उपलब्ध गराउने भएको छ । गाउँपालिकाले विपद्मा परी मृत्यु भएका व्यक्तिको परिवारलाई जनही नगद दिने निर्णय गरेको हो ।

गाउँ कार्यपालिकाको बैठकले विपद् राहत तथा आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०७५ लाई संशोधन गर्दै गाउँपालिकाभित्र बाढीपहिरोजस्ता प्राकृतिक प्रकोपमा परी मृत्यु भएका व्यक्तिको परिवारलाई राहतस्वरुप रु ५० हजार दिने निर्णय गरेको गाउँपालिकाका अध्यक्ष प्रवीण गुरुङले जानकारी दिनुभयो । गुरुङका अनुसार बैठकले बसोबास गर्दै आएको घरमा आगलागीबाट पूर्णरूपमा नष्ट भएमा आवश्यक व्यवस्था गर्नका लागि रु २० हजार दिने निर्णय गरेको छ । बैठकले बाढीपहिरो तथा अन्य विपत्तिबाट पूर्णरूपमा नष्ट भएमा आवश्यक व्यवस्थाका लागि रु २० हजार तथा आंशिक घर क्षति भएमा मर्मतका लागि रु १० हजार, गोठ आगलागीबाट पूर्णरूपमा नष्ट भएमा रु आठ हजार र अन्य कारणबाट गोठ पूर्ण नष्ट भएमा रु आठ हजार प्रतिपरिवारलाई राहतस्वरुप उपलब्ध गराउने निर्णय गरेको जनाएको छ । विपद्मा परी घाइते भएकालाई सरकारी अस्पतालबाट उपचार गरी घर जान आर्थिक सहयोगस्वरुप प्रक्तिव्यक्ति रु पाँच हजार यातायात खर्च दिइने भएको छ । रोग लागि अतिविपन्न कारण उपचार गर्न जान नसक्ने परिवारलाई रु पाँच हजार सहयोग उपलब्ध गराउने निर्णयसमेत गरेको उपाध्यक्ष मीना तिवारीले जानकारी दिनुभयो । विपद्का कारण पशु चौपाया मरेमा प्रतिमाउ भैँसी रु सात हजार, गाई-गोरु रु पाँच हजार, माउबाख्रा र बङ्गुर रु पाँच हजार, पाठापाठी, पाडापाडी र बाच्छाबाच्छीलाई रु तीन हजार उपलब्ध गराउने निर्णय गरेको छ । साथै बिहादी गाउँपालिकाले ११औँ हिउँदे अधिवेशन आगामी माघ १० गते मङ्गलबार गर्ने निर्णय गरेको जनाएको छ ।

# लुम्बिनीले नेपाल टी २० लिगको उपाधि जित्यो

**रासस**
**काठमाडौं, २७ पुस**

पहिलो संस्करणको नेपाल टी २० लिगको उपाधि लुम्बिनी अल स्टार्सले हात पारेको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा आज भएको फाइनल खेलमा लुम्बिनीले विराटनगर सुपर किंग्सलाई २४ रनले पराजित गर्दै उपाधि हात पारेको हो । यस उपाधिसहित लुम्बिनीले रु ५५ लाख प्राप्त गरेको छ । यसैगरी उपविजेतामा चित्त बुझाएको विराटनगरले रु ३० लाख पायो । लुम्बिनीले दिएको १३४ रनको लक्ष्य पछ्याएको विराटनगरले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १०९ रन मात्र बनाउन सक्यो । विरानगरका लागि अर्जुन साउदले सर्वाधिक ३४ रन बनाए भने पृथु बास्कोटाले २३ रन जोडे । त्यस्तै हुसेन तालतले १३ रन बनाए । विराटनगरले १०९ रन समेट्ने क्रममा लुम्बिनीका सागर ढकाल र हरमित सिंहले समान दुई-दुई विकेट लिए भने किशोर महतो र विपुल शर्माले समान एक-एक विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ राजेको लुम्बिनीले १९ दशमलव २ ओभरमा सबै विकेट गुमाउँदै १३३ रन बनाएको थियो । लुम्बिनीका लागि लाहिरु मिलन्थाले सर्वाधिक ४१ रन जोडे भने हरमित सिंहले ३० रन बनाए । कप्तान दीपेन्द्रसिंह ऐरीले २० तथा इशान पाण्डेले १६ रन बनाए । विरानगरका नन्दन यादव र राज नाननले समान दुई-दुई विकेट लिए भने सूर्य तामाङ, कप्तान रोहितकुमार पौडेल, हुसेन तालत र किओन जोसेफले समान एक-एक विकेट लिए । प्रतियोगितामा जनकपुर रोयल्स तेस्रो भयो । उसले रु १० लाख पायो । त्यस्तै काठमाडौँ नाइट्स चौथो भयो । काठमाडौँले रु पाँच लाख पायो ।

यही पुस ९ देखि सुरु भएको प्रतियोगितामा काठमाडौँ नाइट्स, जनकपुर रोयल्स, लुम्बिनी अल स्टार्स, फार वेस्ट युनाइटेड, विराटनगर सुपर किंग्स र पोखरा एभेन्जर्स गरी ६ टोली सहभागिता रहेको थियो ।

# रञ्जित गाउँमा माघे संक्रान्ति मेला हुँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ पुस**



पोखरा महानगरपालिका १६ रञ्जित गाउँमा ६६ औं माघे संक्रान्ति मेला हुने भएको छ ।

रिंजे नासाले परिचित गाउँमा नौधारे सिद्ध बराह युवा क्लबको आयोजनामा पुस २८ गतेदेखि माघ १ सम्म मेला आयोजना गर्न लागिएको क्लबका अध्यक्ष शम्शेर गुरुङले जानकारी दिए । मेलामा भलिबलसहित अन्य खेल प्रतियोगिता र सांस्कृतिक कार्यक्रम गरिने उनले जानकारी दिए । रिंजे नासामा गाउँमा २०१३ सालदेखि माघे संक्रान्ति मेला आयोजना गरिएकाले यसको निरन्तरता दिएको अध्यक्ष गुरुङले जानकारी दिए । ‘२०१३ सालदेखि नै यहाँ माघे संक्रान्तिको दिन नौ धारामा स्नान गरी तरुल र मासको टिका लगाई आर्शिवाद लिने साथै कन्यहरुलाई सोहि टिका लगाई आर्शिवाद दिने चलनको थियो,’ उनले भने, ‘त्यसपछि ठेलो मात्र हानिन्थ्यो भने केही वर्षदेखि हामीले केही परिमार्जन गरेर मेला आयोजना गरिरहेका छौं ।’

साविक अर्मला गाविस ५ हाल पोखरा १६ स्थित यस रञ्जित गाउँ महेन्द्र गुफाबाट करिब ५ किलो मिटरको दुरीमा छ । पहिले गाउँमा ४० घरधुरी रहेकोमा आधुनिकतासँगै बसाईसराईले गर्दा गाउँ रित्तो हुन थालेपछि गाउँमा अध्यक्ष गुरुङको पहलमा विभिन्न कार्यक्रम गरिँदै आएको छ । त्यही अनुरुप गाउँको मेलालाई आधुनिकतासँगै परिमार्जित गरि गाउँ चिनाउन लागिपरेको उनले जानकारी दिए ।

बसाईसराई रोकी युवा जनशक्तिलाई गाउँमै रोजगार दिलाउने उदेश्यले केही कृषि फर्महरु दर्ता गरी हामे स्टे समेत सञ्चालन गरी आईरहेको उनले बताए । गाउँ नजिकै रहेका नौ धारे सिद्ध बराह मन्दिरमा टाढा टाढाबाट पनि भक्तजनहरु जाने भएको हुँदा दर्शनाथीहरुको भिड लाग्ने उनको भनाई थियो । रञ्जित गाउँदेखि उत्तर तिर पर्ने मुलकोट भुमी पाँक डाँडा, नागी डाँडा जस्ता सुन्दर ठाउँमा रमाउन सकिने क्लबको उपाध्यक्ष चन्द्रबहादुर तामाङले जानकारी दिए । यहाँको प्राकृतिक सुन्दरतासँगै नौ धारे सिद्ध बराह मन्दिरलाई धर्मिक पर्यटकीय स्थलका रुपमा विकास निर्माण गर्न मेलाले सहयोग पुग्ने उपाध्यक्ष तामाङले बताए ।

# अस्पतालको भवन नबन्दा सेवा प्रभावित

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २७ पुस**

म्याग्दीको बेनी अस्पतालको भवन निर्माणमा भएको ढिलाइले सेवा प्रभावित भएको छ । तीन वर्षअघि निर्माण सकिनुपर्ने ५० शय्या क्षमताको अस्पताल भवनको हालसम्म ६० प्रतिशतमात्र भौतिक प्रगति छ । छ वर्षअघि भवन निर्माण सुरु भएको थियो ।

ेस्रोपटक थपिएको म्याद सकिन चार महिना बाँकी रहँदा व्यवसायीले दुई वर्षदेखि सुस्ताएको भवन निर्माणको काम अघि बढाएको छैन । बेनी अस्पताल व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र सुवेदीले भवन निर्माणमा भएको ढिलाइका कारण सेवा प्रवाहमा समस्या भएको बताउनुभयो ।

“पचास शय्या क्षमता भए पनि १५ शय्याको संरचना र पूर्वाधारबाट सेवा दिन बाध्य छौँ”, उहाँले भन्नुभयो, “पुराना र साँघुरा भवनमा अस्पताल सञ्चालन गर्न समस्या भएको छ । भवन नहुँदा उपकरण व्यवस्थापन प्रभावित भएको छ । विशेषज्ञ चिकित्सक आएका छैनन् ।” स्थानीय तह, जिल्ला, प्रदेश र प्रतिनिधिसभाका जनप्रतिनिधि, स्थानीय प्रशासन, आयोजनाका साथै विभाग र मन्त्रालयमा पुगेर अस्पताल व्यवस्थापन समितिका पदाधिकारीले दबाब दिएका छन् । सघन सहरी तथा भवन निर्माण आयोजना बागलुङले विसं २०७३ मङ्सिर २१ गते भवन निर्माणका लागि महादेव खिम्ती-गल्वा-रफिना जेभीसँग रु १८ करोड ८४ लाख आठ हजार ८९ मा ठेक्का सम्झौता गरेको थियो । रु २४ करोड चार लाख २९ हजार आठ सय ६९ लागत अनुमान गरिएको थियो । हालसम्म रु १० करोड ९२ लाख २७ हजार छ सय १४ भुक्तानी भएको आयोजनाले जनाएको छ । विसं २०७६ मङ्सिर २० गते निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता थियो । चार हजार नौ सय ६३ वर्गमिटर क्षेत्रफलमा बनाउन लागिएको चारतले तीनवटा भवन निर्माणको हालसम्म ६० प्रतिशत भौतिक प्रगति भएको छ । तीन तला ढलान र पलास्टर भइसकेको भवनमा टायल राख्ने, रङरोगन, विद्युत्, पानी र फर्निचर जडानलगायतका काम बाँकी छन् । आयोजना प्रमुख सुनिता श्रेष्ठले समग्रमा ६० प्रतिशत र भवनको मात्र ७० प्रतिशत भौतिक प्रगति भएको यो योजनाको अन्तिम तथा तेस्रोपटक थप भएको म्याद २०८० जेठ २४ गते सकिने बताउनुभयो । “पटक-पटक मौखिक र लिखितरूपमा ताकेता गरिएको छ”, उहाँले भन्नुभयो, “पर्याप्त जनशक्ति परिचालन र निर्माण सामग्री जुटाएर कामलाई तीव्रता नदिए ठेक्का तोड्ने चेतावनी दिएका छौँ ।” महादेव खिम्तीका सञ्चालक निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंह हुनुहुन्छ । यो भवन बनाउने जिम्मेवारी रविन जोशीले लिनुभएको थियो । सार्वजनिक खरिद ऐनको पछिल्लो संशोधन र कोरोनाका कारण देखाएर तेस्रो पटकसम्म म्याद थप भएको हो । आयोजनाले पत्र पठाएको र म्याद थप गर्नुपर्ने समयमा केही मजदुर ल्याएर काम गराउने निर्माण व्यवसायी अन्य समयमा सम्पर्कविहीन हुने गरेका छन् । नयाँ भवन बनाउन अस्पतालको पुरानो भवन भत्काइएको थियो । बहिरङ्ग कक्षको सेवा अस्थायी भवनबाट सञ्चालन गरिएको छ । आकस्मिक र अन्तरङ्ग कक्ष पुरानो प्रशासनिक भवनबाट सञ्चालन गरिएको छ । स्वास्थ्य कार्यालयको भवनमा अस्पताल प्रशासन र व्यवस्थापन समितिको कार्यालय राखिएको छ । सघन उपचारकक्ष (आइसीयू) र डायलायसिस कक्ष पनि स्वास्थ्यकै भवनमा स्थापना भएको छ । पन्ध्र शय्या क्षमताको अस्पताल विसं २०७२ मा पचास शय्यामा स्तरोन्नति भएको थियो । भूकम्प प्रतिरोधी क्षमताको भवन अपाङ्गतामैत्रीसमेत हुनेछ । भुइँतलामा मोर्टुअरी, किचन, पहिलो तलामा इमर्जेन्सी, ल्याब, रेडियोलोजी, पहिलो तलामा अप्रेशन थिएटर, बहिरङ्ग सेवा र अन्तिम तलामा प्रशासन रहने जनाइएको छ ।

# अयोध्या लैजान कालीगण्डकीको शिलाको नापजाँच

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २७ पुस**

कालीगण्डकी नदीको शिला हिन्दूहरुको धार्मिकस्थल भारतको अयोध्या लगिने भएको छ । मुस्ताङको दामोदरकुण्डबाट बगेर आउने कालीगण्डकी हिन्दू धर्मावलम्बीले भगवान् विष्णुको रुपमा पुज्ने शालिग्राम शिला पाइने नदी हो । कालीगण्डकीलाई हिन्दू धर्मावलम्बीले कृष्णागण्डकीको रुपमा पनि चिन्ने गर्दछन् ।

भारतको अयोध्यामा निर्माण हुन लागेको राम मन्दिरमा मुर्ति बनाएर राख्नका लागि पहिचान भएको दुई थान शिलाको बुधबार नापजाँच गरिएको छ । भारत सरकारको प्रस्ताव र नेपाल सरकारको मन्त्रिपरिषद्को बैठकको निर्णयअनुसार अयोध्यामा कालीगण्डकीको शिला पठाउने प्रक्रिया अन्तिम चरणमा पुगेको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले जानकारी दिनुभयो । ‘संघीय सरकारले गण्डकी प्रदेश सरकारमार्फत बेनी नगरपालिकालाई शिला उपलब्ध गराउन पत्राचार गरेको थियो’, उहाँले भन्नुभयो, ‘बेनीस्थित म्याग्दी र कालीगण्डकी नदीको दोभानदेखि तीन किलोमिटर उत्तर गलेश्वरसम्म करिब दश दिन लगाएर शिलाको अध्ययन र पहिचान भएको थियो ।’ प्रदेश सरकारको शिक्षा, विज्ञान तथा संस्कृति मन्त्रालयका उपसचिव भोजराज न्यौपानेको नेतृत्वमा राम मन्दिर निर्माण समितिका सचिव राजेन्द्रसिंह पङ्कज, पश्चिमाञ्चल इञ्जिनियरिङ क्याम्पस पोखराका उपप्राध्यापक नवराज न्यौपानेसहितको टोलीले बेनी नगरपालिका-६ र ८ वडाको सिमानामा पर्ने रातो पहिरोमा पहिचान भएको दुई शिलाको नापचाँच गरेको हो । ‘एउटा १५-१६ मेट्रिक टन र अर्को ११-१२ मेट्रिक टन अनुमानित तौल भएको शिलाको नापजाँच भएको छ’, उपप्राध्यापक न्यौपानेले भन्नुभयो, ‘जैविक र वातावरणीय असर नपुग्ने गरी शिला उठाएर ट्रकमा राख्ने क्रेन मगाएका छौँ ।’ कालीगण्डकी नदीबाट पवित्र बनेका सात फिट लम्बाइ र पाँच फिट चौडाइका दुई थान शिलाको पहिचान गरिएको थियो । उपसचिव न्यौपानेले उक्त शालिग्राम बेनी नगरपालिका र गण्डकी प्रदेश सरकारले जनकपुरमा लगेर मधेस प्रदेश सरकारलाई हस्तान्तरण गर्ने र त्यहाँबाट अयोध्या लगिने बताउनुभयो ।

साइत जुराएर धार्मिक विधिअनुसार पूजाआजा र बाजा बजाएर बेनीबाट शिलाको बिदाइ गरिने नगरपालिकाले जनाएको छ । धार्मिक हिसाबले महत्वपूर्ण भएकाले कालीगण्डकीको शिला अयोध्या लैजान लागिएको हो । शालिग्राम पाइने कृष्णागण्डकीको किनारमा रहेकाले देवशिला भनिएको हो । कालीगण्डकीको शिला अयोध्यामा पुऱ्याउँदा यहाँको धार्मिक र सांस्कृतिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने कृष्णागण्डकी नदीका अध्येता कुलराज चालिसेले बताउनुभयो ।

संस्कृति तथा पर्यटन मन्त्रालयले जनकपुरधाम र अयोध्याधामबीच सांस्कृतिक सम्बन्धलाई प्रगाढ बनाउन तथा नेपालको सांस्कृतिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने भन्दै दुई थान शिला उपलब्ध गराउन मन्त्रिपरिषद्मा प्रस्ताव लगेको थियो ।

# सुन्तला बिक्रीबाट मनग्य आम्दानी

पोखरापत्र संवाददाता
म्याग्दी, २७ पुस (रासस)

म्याग्दीको बेनी नगरपालिका–३ मा पर्ने राखु र वडा नं ४ को बास्कुना गाउँका कृषकहरूले यस वर्ष सुन्तला बिक्री गरेर यस वर्ष गाउँमा रु साढे दुई करोड भित्र्याएका छन् । यहाँका गाउँलेहरूले पाखोबारी र धान फल्ने खेतमा सुन्तला खेती गरेपछि अहिले सोही गाउँका किसानहरूले आफ्नै गाउँमा बसेर वार्षिक करोडौँ रुपैयाँ कमाउन सफल भएका हुन् ।

राखुकी सन्तकुमारी पुनले यस वर्ष सुन्तला बिक्री गरेर करिब रु २२ लाख आम्दानी गरेको बताउनुभयो । "मैले पनि यो वर्ष सुन्तला बिक्री गरेर रु २१ लाख आम्दानी गरेँ", उहाँले भन्नुभयो । विगत एक दशकदेखि नर्सरी स्थापना गरी सुन्तलाको बिरुवा उत्पादन गर्दै आउनुभएकी पुनले सुन्तलाको दाना र बिरुवा बेचेर रहरलाग्दो आम्दानी गर्न सफल भएको बताउनुभयो ।

किसान पुनले मात्रै होइन तल्लो र माथिल्लो भेकमा विभाजित राखुमा रहेका ६५ घरधुरीले न्यूनतम रु २० हजारदेखि अधिकतम रु २१ लाखसम्मको सुन्तला बिक्री गरी गाउँमा डेढ करोड रुपैयाँभन्दा बढी रकम भित्र्याउन सफल भएका हुन् । पुनसँगै राखुमा कुलबहादुर गर्बुजा, जशिकला रोका, भिमकुमारी घर्ती, खिरमती राना, कृष्णबहादुर पुन धेरै सुन्तला बिक्री गर्ने कृषकमा पर्नुहुन्छ । परम्परागत खेतीबाली लगाउन छाडेर व्यावसायिक सुन्तला खेती गर्दै आइरहेका यहाँका किसानहरू पछिल्लो समय सुन्तला खेतीतर्फ आकर्षित भएका बेनी नगरपालिका–३ का वडाध्यक्ष पदम पुन बताउनुहुन्छ । राखुपछि सबैभन्दा धेरै मरेक गाउँका २१ जना कृषकले बगैँचाबाटै सुन्तला बेचेर ३२ लाखको सुन्तला बजारमा गएको स्थानीय अगुवा कृषक इन्द्रबहादुर थापाले जानकारी दिनुभयो । त्यसैगरी हल्लेगौडा, पानीस्वाँरा, ज्यामिरे र चिनखेत क्षेत्रबाट यस वर्ष करिब २८ लाखको सुन्तला बजारमा गएको स्थानीय युवा कृषक होम रोका मगरले बताउनुभयो । सुन्तला खेतीले कृषकको जीवनस्तरमा समेत परिवर्तन आएपछि गाउँभरि नै सुन्तलाका बिरुवा रोपिएको कृषकको भनाइ छ । दस वर्षदेखि पुरानो खाद्यबाली नलगाई व्यावसायिक रूपमा सुन्तला जात फलफूल खेतीमा आकर्षित भकिम्लीवासीले हरेक वर्ष उत्पादनमा वृद्धि गरेका छन् । "अबको केही वर्षमा परम्परागतरूपमा कोदो र मकै लगाउने सबै बारीमा सुन्तला फल्ने छ, सुन्तला खरिद गर्न व्यापारी घरघरमै आउने भएकाले सुन्तला खेतीमै सबैको आकर्षण बढेको छ", उहाँले भन्नुभयो । यहाँका कृषकको मुख्य आम्दानीको स्रोत सुन्तला बनाएको बताउँदै अबको आधा दशकमा अनुकूल मौसम भएमा तेब्बर उत्पादन हुने कृषकहरूको अनुमान रहेको छ । केही कृषकले परीक्षणका लागि सुन्तलाको बिरुवा रोपेको र राम्रो उत्पादन हुन थालेपछि भकिम्लीका अन्य बस्तीहरूमा समेत सुन्तला खेतीको लहर चलेको छ । रोग पत्ता नलागेका कारण समस्यामा परेका कृषकले निरन्तर तालिम तथा विभिन्न औषधी प्रयोग गरेपछि यस वर्ष उत्पादनमा सुधार आएको छ ।

"सिङ्गो वडा नै सुन्तला खेतीमा आकर्षित भएको छ, अनुदानमा समेत प्रोत्साहन गरिरहेका छौँ", वडाध्यक्ष पुनले भन्नुभयो । हरेक वर्ष नयाँ बिरुवा वितरण, कृषि ज्ञान केन्द्रसहित विभिन्न निकायबाट समेत प्रोत्साहनका साथै कृषक आफ्नै अगुवाइमा समेत सुन्तलाको खेती विस्तारमा सक्रिय रहेको वडाध्यक्ष पुनले बताउनुभयो । सुन्तलाका दाना राम्रा, रसिला र मीठा भएकाले पनि ठूला ट्रक लिएर व्यापारीहरू टाढाटाढाबाट गाउँमा आउन थालेपछि सडक मर्मतसम्भारमा समेत बर्सेनि लाखौँ खर्च हुने गरेको छ । भकिम्लीका सबै सुन्तला खेती हुने गाउँमा सडक सञ्जाल पुगेको छ । त्यसैगरी वडा नं ४ मा पर्ने बास्कुना गाउँबाट पनि यस वर्ष रु एक करोडको सुन्तला गाउँबाटै निर्यात भएको बेनी नगरपालिका–४ का वडाध्यक्ष अणबहादुर खड्काले बताउनुभयो । बास्कुनाकी गौमती खत्रीले यस वर्ष रु साढे चार लाखको सुन्तला बिक्री गरेको सुनाउनुभयो । अघिल्लो वर्ष दुई लाख ५५ हजारको सुन्तला बिक्री गर्नुभएकी खत्रीले यस वर्ष उत्पादन बढेपछि दोब्बर आम्दानी भएको उहाँको भनाइ छ । खत्रीको बगानका पाँच सयभन्दा बढी बोटमा फल लागेकाले यस वर्ष उत्साहित हुनुहुन्छ । गाउँमा आएका व्यापारीहरूले सुन्तला टिप्न, बोक्न, ग्रेडिङ गर्न, क्यारेटमा मिलाउन र बजार पठाउने आवश्यक सवारी साधनसमेत ल्याउन थालेपछि अहिले चहलपहल भएको छ ।

सुन्तला बिक्रीबाट यस वर्ष रु १० लाखदेखि १२ लाख आम्दानी हुने कृषक दीर्घबहादुर खत्रीले बताउनुभयो । उहाँको बगैँचामा करिब पाँच सय सुन्तलाका बोट रहेका छन् । खत्रीले विगत १० वर्षदेखि सुन्तला खेती गर्दै आउनुभएको छ । "सुन्तला खेतीबाट किसानहरूले राम्रो आम्दानी लिनुभएको छ, सुन्तला खेतीलाई थप प्रवर्द्धन गर्ने र युवालाई आकर्षित गर्न अर्को वर्ष सुन्तला महोत्सव लगाउने योजना बनाएका छौँ", वडाध्यक्ष खड्काले भन्नुभयो ।

म्याग्दीको भकिम्ली, बरञ्जा, हिस्तान, धार, राँखु, दाना, बिम लगायतका गाउँहरू सुन्तला उत्पादन पकेट क्षेत्र हुन् । म्याग्दी जिल्लाको समुन्द्री सतहबाट एक हजार दुई सय मिटरदेखि एक हजार ६ सय मिटरको उचाइसम्म सुन्तला खेती हुने कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ । जिल्लाका ६ वटै स्थानीय तहको तीन सय ५५ हेक्टर जमिनमा सुन्तला खेती भइरहेको छ । जिल्लामा वार्षिक १७ करोड हाराहारीमा सुन्तला बिक्री हुने अनुमान गरिएको कृषि केन्द्रले जनाएको छ ।



बुधबारदेखि सुरु भएको ११औँ संस्करणको पोखरा महोत्सवको प्रदर्शनीमा राखिएको पहाडे वास्तुकला झल्काउने नमूना घर । तस्बिर : रामबहादुर थापा/रासस

# मिडिया कप फुटसलको उपाधि पोखरा टेलिभिजनलाई

पोखरापत्र संवाददाता
पोखरा, २७ पुस



पोखरामा सम्पन्न मिडियाकप फुटसलको उपाधि पोखरा टेलिभिजनले प्राप्त गर्दा रेडियो अन्नपूर्णले दोश्रो स्थान प्राप्त गरेको छ ।

रेडियो सराङ्कोटको १६ औं वार्षिकोत्सवको अवसरमा बुधबार आयोजित मिडियाकप फुटसलको उपाधिकर्ता पोखरा टेलिभिजनले नगद रु. ४० हजार, तथा दोश्रो भएको रेडियो अन्नपूर्णले नगद रु. २५ हजारका साथै शिल्ड मेडल तथा प्रमाणपत्र प्राप्त गरेका थिए । प्रतियोगितामा उत्कृष्ट खेलाडी सौगात परियार, उत्कृष्ट गोलरक्षक प्रभात आचार्य र उत्कृष्ट गोलकर्ता विनोद पौडेल बने । प्रतियोगिताको शुभारम्भ गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले खेलकुदको माध्यमले पत्रकारको क्षमता विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताए । वि.सं. २०६३ सालदेखि सराङ्कोट बहुउद्देश्यीय सहकारी संस्थाद्वारा सञ्चालित रेडियो मार्फत सामाजिक उत्तरदायित्वका विविध रचनात्मक कार्यक्रमहरुको साथमा दोश्रो पटक मिडियाकप सम्पन्न गरिएको संस्थाका अध्यक्ष तथा रेडियोका कार्यकारी निर्देशक कृष्ण बहादुर थापाले बताए । रेडियोका प्रबन्ध निर्देशक अर्जुन बहादुर बस्नेतको सभापतित्वमा सम्पन्न कार्यक्रममा रेडियोका सल्लाहकार प्रेमबहादुर जि.सि., प्रायोजक संस्था एजुकेशन स्टडी लिंकका प्रमुख तथा रेडियोका निर्देशक रमेश कुमार थापा, पत्रकार महासंघ कास्कीका उपाध्यक्ष जमुना वर्षा शर्मा, खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीनानाथ बराल, पूर्व अध्यक्ष एकराज गिरी, रेडियोका निर्देशक राममणि पौडेल, चिन्तामणि बाँस्तोला, रेडियो अन्नपूर्णका स्टेशन म्यानेजर सञ्जय मल्ल, रेडियोका स्टेशन प्रमुख योगेन्द्र श्रेष्ठ लगायतले आ आफ्ना धारणा राखेका थिए । कार्यक्रममा रेडियोका प्राविधिक सागर बाँस्तोला, मैत्रीपूर्ण खेलमा सहभागी महिला पत्रकारहरुलाई सम्मान गरिएको थियो । कार्यक्रम अन्नपूर्ण केवलकार, एजुकेशन लिंक, कञ्चन कम्प्युटर, महाशिला आल्मुनियम, पोखरा महानगर खेलकुद समिति मुख्य सहयोगी रहेका थए ।

# अवैध क्रसर उद्योग बन्द गर्न निर्देशन

पोखरापत्र संवाददाता
पर्वत, २७ पुस (रासस)

पर्वतमा अवैध रूपमा सञ्चालन भएका क्रसर उद्योगहरू बन्द गर्न जिल्ला प्रशासन कार्यालयले निर्देशन दिएको छ । कार्यालयले मङ्गलबार सूचना जारी गर्दै विना दर्ता र अनुमति विना सञ्चालित क्रसर उद्योग, नदीजन्य र खानीजन्य ढुङ्गा, गिट्टी, बालुवा उद्योग र व्यवसाय बन्द गर्न निर्देशन दिएको हो ।

नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन गर्ने उद्योग बन्द नगरी अटेर गरेमा कानुनबमोजिम कारबाही गरिनेसमेत प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद सापकोटाद्वारा जारी सूचनामा उल्लेख गरिएको छ । हालै गृह मन्त्रालयले देशका ७७ वटै जिल्लामा गैरकानुनी रूपमा सञ्चालनमा रहेका उद्योगहरू बन्द गराउन निर्देशन जारी गरेपछि पर्वत प्रशासन पनि बन्द गराउने अभियानमा जुटेको हो ।

प्रशासनले यसअघि क्रसर उद्योगहरू दर्ता हुने घरेलु तथा पर्यटन कार्यालय र स्थानीय तहमा पत्राचार गरेर विवरण माग गरेको थियो । क्रसर उद्योग दर्ता गर्ने, नवीकरण गर्ने र नियन्त्रण गर्ने निकाय भनेका स्थानीय तह र घरेलु तथा पर्यटन कार्यालय हुन प्रजिअ सापकोटाले भन्नुभयो, "अहिले पर्वतमा कति उद्योग दर्ता भएका छन्, कति नवीकरण भएका छन् र हालको अवस्था के रहेको छ, कानुनी प्रक्रियाअनुसार कति सञ्चालन भएका छन् र मापदण्ड विपरीत कति सञ्चालित छन् भन्ने बारेमा खुलाएर पठाउनका लागि पत्राचार गरिएको छ ।" ती निकायबाट पत्र आएपछि गृहको आदेशानुसार अवैध रूपमा सञ्चालन भएको पाइएमा आवश्यक कारबाही गरिने प्रजिअ सापकोटाले बताउनुभयो । गृहमन्त्रालयको आदेशलगत्तै सूक्ष्म रूपमा प्रक्रिया अघि बढाइसकिएको प्रशासनले जनाएको छ । जिल्लामा सञ्चालित कतिपय विकास निर्माणका आयोजनाले काम सकिएपछि पनि क्रसर उद्योग चलाएर गिट्टी, बालुवा बिक्री गर्दै आएका छन् । धौलागिरि क्रसर व्यवसायी समितिका अध्यक्ष विप्लव हमालका अनुसार साबिक घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएर सञ्चालन भएका उद्योग पर्वतमा तीनवटा मात्र रहेका छन् । अहिले गैरव्यवसायीहरूले पनि नदीनालाबाट जबर्जस्ती उत्खनन गर्ने र बिक्री गर्ने गरेका कारण क्रसर उद्योगहरूमा समस्या आएको बताउनुभयो । उहाँले क्रसर उद्योगहरूको मापदण्ड र उत्खननलाई व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो । हमालले मापदण्ड ठूलो समस्या नभएको बताउँदै उत्खननलाई व्यवस्थित गर्नुपर्ने बताउनुभयो । जिल्लामा खासगरी कालीगण्डकी नदीका किनारमा रहेका अधिकांश उद्योगहरू अवैध रूपमा सञ्चालन हुँदै आएका छन् भने कतिपयले लुकीछिपी रातको समयमा नदी दोहन गर्ने गरेका छन् । जथाभावी दोहनको शृङ्खला बढेपछि सर्वोच्च अदालतले विगत दुई वर्षदेखि अर्को आदेश नभएसम्म नदी उत्खननमा रोक लगाएको छ । नदी उत्खनन र ढुङ्गा, गिट्टी बालुवा निकासी गर्न नपाउँदा पर्वतको जलजला, कुश्मा र फलेवासको करोडौँको आम्दानीसमेत गुमेको छ भने विकास निर्माणका काममसेत प्रभावित भएका छन् ।

जिल्ला समन्वय समिति पर्वतका संयोजक तथा अनुगमन समितिका संयोजक विष्णुराम विकले पर्वतमा अवैध क्रसर उद्योगहरूको सङ्ख्या उल्लेख्य रहेको बताउँदै तिनको नियन्त्रण र व्यवस्थापन गरिने बताउनुभयो । उहाँले गृहको आदेशसँगै अब त्यस्ता अवैध उद्योगहरूको अनुगमन गरेर बन्द गराउन पहल गर्नेसमेत बताउनुभयो । अहिले अनुगमन समितिमा बन्द गराउने कार्यतालिका र प्रक्रियाका बारेमा छलफल भइरहेको बताउनुभयो । जिल्लाका खोलानालामा झन्डै डेढ दर्जनको हाराहारीमा क्रसर उद्योग सञ्चालनमा रहेको पाइएको छ ।

# दोब्बर मूल्य पार्न सुन्तलाको भण्डारण

पोखरापत्र संवाददाता
गलकोट, २७ पुस

यस वर्ष सिगानाको विद्युतीय शीत भण्डारणमा १८ टन सुन्तला राखिएको छ । बागलुङ नगरपालिका–८ सिगानाका रामबहादुर खड्काले बेमौसममा सुन्तला बिक्रीका लागि शीत भण्डारण गृहमा १८ टन सुन्तला राख्नुभएको छ ।

सुन्तला गाउँका रूपमा परिचित सिगानामा यस वर्ष रु तीन करोड सुन्तला उत्पादन भएको । सिगानामा उत्पादन भएको सुन्तलामध्ये १८ टन सुन्तला विद्युतीय शीत भण्डारण गहृमा राखिएको छ भने आठ टन सुन्तला प्राकृतिक शीत भण्डारण गृहमा राखिएको छ । सिगानामा अहिले विद्युतीय र प्राकृतिक गरी तीनवटा शीत भण्डारण गृह रहेका छन् । पुसको अन्तिममा राखिएका सुन्तला फागुन–चैतमा दोब्बर मूल्य पार्नका लागि सुरक्षित भण्डारण गरिएको सुन्तला किसान रामबहादुर खड्काले बताउनुभयो । उहाँले भन्नुभयो ,"अहिले सिगानाका सुन्तला होलसेल मूल्य प्रतिकेजी रु ६० मा बिक्री हुन्छ, शीत भण्डारण गृहमा राखिएका सुन्तला फागुनमा मात्रै बिक्री गरिन्छ, त्यस समयमा प्रतिकेजी रु एक सय ५० होलसेल र एक सय ८० खुद्रा मूल्यमा बिक्री हुन्छ ।" मौसमअनुसार कृषि उपज उत्पादन गर्ने कृषकले बजार मूल्य नपाउँदा यहाँका किसानहरूले शीत भण्डारणमा राखेका सुन्तला बेमौसममा बिक्री गर्ने गरिएका छन् । सिगानामा हाल दुई परम्परागत र एक आधुनिक सुन्तला भण्डारण गृह छन् । पाँच वर्षदेखि परम्परागत शीत भण्डारण गृहमा सुन्तला राखेर बेमौसममा महँगो मूल्यमा सुन्तला बिक्रीवितरण गर्दै आएको सुन्तला किसान टोपबहादुर खड्काले बताउनुभयो । "शीत भण्डारण गृहको छेउमा पानीको सिँचाइ गरिन्छ, र बीचमा सुन्तला राखिन्छ, सुन्तलाको तापक्रम समय–समयमा परीक्षण गरिन्छ", खड्काले भन्नुभयो, "अहिले सुन्तलाको खासै राम्रो मूल्य छैन, भण्डारण गृहमा राखिएका सुन्तलाको दोब्बर मूल्य पर्दछ ।" सुन्तलाको याममा सुन्तलाको मूल्यमा तीव्र प्रतिस्पर्धा हुने भएकाले बेमौसममा सुन्तलाको मूल्य बढी पार्नका लागि शीत भण्डारण गृह उपयोगी देखिएको सिगानाका किसानहरूले बताएका छन् । सुन्तलाको सुरक्षित भण्डारणका लागि गण्डकी प्रदेश सरकारले २० टन क्षमताको विद्युतीयबाट चल्ने सुन्तला चिस्यान केन्द्र (कोल्ड रुम) निर्माण गरेपछि चार वर्षअघि निर्माण गरेको हो । गण्डकी प्रदेश सरकारले सिगानामा क्रियाशील गणेश व्यावसायिक कृषि सहकारीमार्फत रु ३० लाखको लागतमा सुन्तला चिस्यान केन्द्र निर्माण गरेको थियो । यस्तै तत्कालीन कृषि विकास मन्त्रालयको व्यावसायिक कृषि तथा व्यापार आयोजनाअन्तर्गतको व्यावसायिक सुन्तला उत्पादन सङ्कलन तथा भण्डारण उपआयोजना (प्याक्ट) कार्यक्रमले प्रदान गरेको रु १० लाख अनुदानमा २०७४ सालमा निर्माण गरिएको परम्परागत भण्डारणगृहमा अहिले सुन्तला राखिएको हो । यहाँका कृषकले सुन्तलाको ग्रेडिङसमेत गर्दै आएका छन् । सुन्तलालाई तीन श्रेणीमा ग्रेडिङ गरिन्छ । पहिलो श्रेणीको सुन्तलाको बजार मूल्य निकै महँगो हुने गर्दछ । परम्परागत चिस्यान केन्द्र शीत भण्डारण गृहमा माटो, बालुवा तथा गिट्टीको सम्मिश्रणमा ढुङ्गाको गाह्रो निर्माण गरिएको हुन्छ भने आधुनिक चिस्यान केन्द्र विद्युतबाट सञ्चालन हुन्छ । दुवै प्रकारका भण्डारण गृहमा चार महिनासम्म सुन्तला सुरक्षित गर्न सकिने सुन्तला किसान लोकबहादुर थापाले बताउनुभयो ।

यस्तै सुन्तलाको राम्रो उत्पादन हुने बिहुँमा समेत गत वर्षदेखि विद्युतीय भण्डारण गृह निर्माण गरेर महङ्गो मूल्यमा सुन्तला बिक्री गर्दै आएका छन् । सिगानासँगै बिहुँ, तित्याङ, भकुण्डे, लेखानी, सर्कुवा र दमेकलगायत ठाउँ सुन्तला खेतीका लागि उर्वर मानिन्छन् । जिल्लामा करिब पाँच हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा सुन्तला खेती हुँदै आएको कृषि ज्ञान केन्द्रले जनाएको यस वर्ष बागलुङमा २४ करोडको सुन्तला उत्पादन भएको कृषि ज्ञान केन्द्रका प्रमुख भानुभक्त भट्टराईले जानकारी दिनुभयो ।

# तनहुँमा चार सय ३७ अपराधका उजुरी

पोखरापत्र संवाददाता
दमौली, २७ पुस

तनहुँमा एक वर्षमा चार सय ३७ अपराधका उजुरी दर्ता भएका छन् । जिल्ला प्रहरी कार्यालय तनहुँका अनुसार उक्त अवधिमा सबैभन्दा बढी घरेलु हिंसाका घटना छन् ।

घरेलु हिंसाका दुई सय १७ वटा घटनाको उजुरी दर्ता भएको प्रहरी निरीक्षक रमेश विष्टले जानकारी दिनुभयो । त्यस्तै आत्महत्याका ९८, भवितव्य ज्यानका ७९ र अन्य सार्वजनिक अपराधका ४७ वटा घटनाको उजुरी दर्ता भएको प्रहरी निरीक्षक विष्टले बताउनुभयो । उहाँका अनुसार अघिल्लो आर्थिक वर्ष २०७६/७७ मा तनहुँमा चार सय १७ र आव २०७८/७८ मा तीन सय ९७ वटा अपराधका घटनामा उजुरी दर्ता भएको थियो ।

महिला तथा बालबालिकाविरुद्ध हुने अपराधका घटनामध्ये ८० प्रतिशत घरेलु हिंसाका घटना रहेका छन् । त्यसबाहेक जबर्जस्ती करणी, जबर्जस्ती करणी प्रयास, बहुविवाह, बालविवाह, मानव बेचबिखन र बोक्सीको आरोपका घटना रहेको प्रहरीले जनाएको छ । पछिल्लो समयमा चिनजानका व्यक्तिबाट महिला तथा बालबालिकाविरुद्धका अपराध भएका छन् । परिवारका सदस्य, आफन्त, शिक्षक, नातेदार तथा छिमेकी नै महिला तथा बालबालिकाविरुद्धका अपराधका घटनामा संलग्न भएको प्रहरीको तथ्याङ्क छ ।

प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्याल अपराध नियन्त्रणका लागि सबैको भूमिका महत्वपूर्ण हुने बताउनुहुन्छ । आपराधिक घटना तथा क्रियाकलापलाई न्यूनीकरण गरी समाजलाई शान्ति र सुव्यवस्थामा लैजान प्रहरी तथा स्थानीय प्रशासनलाई सबैले सहयोग गर्नुपर्ने उहाँले बताउनुभयो ।